"हाम्रो सेवामा प्रतिबद्धता :पारदर्शिता र चुस्तता"

# त्रिपुरासुन्दरी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## त्रिपुराकोट, बगर, डोल्पा

www.tripurasundarimundolpa.gov.np
info@tripurasundarimundolpa.gov.np
ito.tripurasundarimundolpa@gmail.com
९९४८७०१३६,९९४८७०१३७
९७४८६८२४००,
कर्णाली प्रदेश, नेपाल

प.सं. ०७९।०८०
च.न. सुचना

मिति : २०७९।०९।०७

**बालि बिशेष व्यवसायीक सानापकेट कार्यक्रम सञ्चालन गर्न ईच्छुक लक्षितवर्गबाट प्रस्ताव पेश गर्ने बारे सुचना ।**

**पहिलो पटक प्रकाशितमिति: २०७९।०९।०७**

प्रस्तुत बिषयमा त्रिपुरासुन्दरी नगरपालिका कृषि शाखा डोल्पाको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिका क्षेत्रभित्र साना व्यावसायीक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम सञ्चालन गर्न प्रधानमन्त्री कृषिआधुनिकिकरण परियोजना कार्यक्रममार्फत यस त्रिपुरासुन्दरी नगरपालिकालाई प्राप्त बजेट र कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले त्रिपुरासुन्दरी नगरपालिका भित्रका सम्पुर्ण ईच्छुक कृषक समुह/सहकारी/ कृषिफर्म/जलउपभोक्ता समितिले आवश्यक कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन अर्थात (मिति २०७९।०९।२१गते) भित्र तोकिएको ढाँचा ( पकेट अनुसुचि १० )कार्यक्रमको कार्यविधि अनुसार प्रस्तावित कार्यक्रम सहितको आबेदन यस नगरपालिकाको कृषि शाखामा रितपुर्वक दर्ता गराउनु हुन यो सुचना प्रकाशित गरिएको छ । अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन आवेदन दर्ता गर्न सकिने छ । रित नपुगेका कागजात माथि कार्य गर्न कार्यालय बाध्य हुने छैन ।

**नोट :** कृषक समुह र कृषि सहकारी लाई प्राथामिकता दिईनेछ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१) सम्बधित निकायमा कृषि समुह सहकारी कृषिफर्म समिति दर्ता तथा नविकरण भएको प्रमाण प्रत्रको प्रतिलिपि ।
२) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि ।
३) सम्बन्धित वडाको सिफारिस ।
४) समितिको निर्णयको प्रतिलिपि ।
५) सहकारीको वा निजि फर्मको हकमाआ.व. ०७८।०७९ को लेखा परिक्षणको प्रतिलिपि र कर बुझाएको वा कर छुट भएको प्रतिलिपि ।
६) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोक खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
७) निवेदकको नागरिकतावा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
८) आयोजना सम्बन्धिअन्यकागजातहरु ।
९) आवेदन दस्तुर रु ५००।

लाल प्रसाद पोखरेल
नि.प्रमुख प्रशासकिय अधिकृत

फयाक्स नं. ९९४८७०१३६
Fax No.994870136
9748682400
फोन :९९४८७०१३६,९९४८७०१३७
Tel:994870136,994870137

Website: www.tripurasundarimundolpa.gov.np

mail: info@tripurasundarimundolp.gov.np

निजामति सेवाको प्रतिबद्धता : पारदर्शिता र चुस्तता

CamScanner